८.३. बालक्लव कार्यसमितिको पदावधि २ वर्षको हुनेछ। तर कुनै कारणले पद रिक्त हुन गएमा वा प्रत्येक वर्ष अध्यावधिक गर्दा जुनसुकै पद रिक्त हुन गएमा एक वर्ष वा सो भन्दा कम कार्यकाल भएकोमा कार्यसमितिवाट निर्णय भएबमोजिम पदपूर्ति गर्नुपर्ने छ।

पदावधि एक वर्ष भन्दा बढी अवधि बाँकी भएकाको हकमा विद्यमान नगर तथा वडा सञ्जालका प्रतिनिधिहरुले नै सम्बन्धित सञ्जालका पदाधिकारी चयन गर्ने छन्। यसरी पद रित्त भएको जानकारी ३५ दिनभित्र नगरपालिकामा गराई सक्नुपर्ने छ।

यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधिअनुसार पहिलोपटक गठन भएको समितिको पदावधि वि.सं. २०७८ चैत्र महिना सम्म रहनेछ।

## ९. बालक्लव नगर तथा वडा सञ्जालहरूको गठन तथा बैठक सम्बन्धि व्यवस्था

९.१. नगरपालिकाभरीका बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाइका अवसर सृजना गर्न सबै वडाका विद्यालय र समुदायका बाल क्लवको प्रतिनिधिहरूको भेलाबाट बढीमा १९ उन्नाइस सदस्यीय नगर बाल क्लव सञ्जालको गठन गरिनेछ। समितिमा सदस्य चयन गर्दा समावेशी सिद्धान्त अनुसार गर्नु पर्नेछ।

| | |
|---|---|
| क) वालक्लवका प्रतिनिधिहरूले छानीपठाएको एक जना | अध्यक्ष |
| ख) वालक्लवका प्रतिनिधिहरूले छानीपठाएको (१ महिला र १ पुरुष) २ दुई जना | उपाध्यक्ष |
| ग) वालक्लवका प्रतिनिधिहरूले छानीपठाएका एक जना | कोषाध्यक्ष |
| घ) वालक्लवका प्रतिनिधिहरूले छानीपठाएका एक जना | सचिव |
| ङ) वालक्लवका प्रतिनिधिहरूले छानीपठाएका एक जना | सह सचिव |
| छ) वालवालिकाको प्रतिनिधि वढीमा १३ जना | सदस्य |

९.२. नगरपालिकाले बाल क्लव सञ्जाल गठन गर्नका लागि बाल क्लव प्रतिनिधिहरूको भेला आयोजना गर्नु पर्नेछ।

९.३. यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका समुदाय र विद्यालयका बाल क्लबहरूलाई भेलाको मितिले ७ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ। सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ।

- भेलाको मिति, समय र स्थान,
- भेलामा छलफल हुने विषयहरू,
- भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,
- अन्य आवश्यक विषयवस्तु।

९.४. वाल क्लवका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा भएको देखिने कागजात पेश गर्नुपर्नेछ।

- आफ्नो बाल क्लबबाट प्रतिनिधि तोकिएको निर्णय गरेको हुनुपर्नेछ।
- अभिभावकबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनुपर्नेछ।

- बाल क्लबले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको अनिवार्य व्यवस्था गराउनु पर्नेछ ।
- सञ्जाल भेलामा सहभागी हुने बाल क्लब प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्रको बालक्लवमा आवद्द भएको हुनु पर्नेछ ।
- सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा दफा ९ मा व्यवस्था भए बमोजिमको हुनेछ । सञ्जालको नतेतृत्वको पुर्नगठन प्रत्येक वर्ष गर्नुपर्नेछ ।
- सहभागी बालबालिका जुनसुकै वडा तथा पालिकाको भए तापनि अध्यनरत विद्यालयको उमेर समूहबाट प्रतिनिधित्व गर्न पाउँनेछ ।

९.५. नगरपालिकाको प्रत्येक वडामा देहायअनुसारको एक वडा बाल क्लव सञ्जाल रहने छ ।

९.६. वडा कार्यालयले नगरपालिकामा रितपूर्वक सूचीकृत वडाभित्रका बाल क्लवहरुबाट दफा ८.१.३ अनुसार छनौट भएका वडा बाल सञ्जालका प्रतिनिधिहरूको भेला गराई बढीमा ११ सदस्य रहेको वडा बाल क्लव सञ्जाल गठन गरिनेछ । समितिमा सदस्य चयन गर्दा समावेशी सिद्धान्त अनुसार गर्नु पर्नेछ ।

| | |
|---|---|
| क) बालक्लबका प्रतिनिधिहरूले छानीपठाएको एक जना | अध्यक्ष |
| ख) वालक्लवका प्रतिनिधिहरूले छानीपठाएको (महिला र पुरुष) २ दुई जना | उपाध्यक्ष |
| ग) बालक्लबका प्रतिनिधिहरूले छानीपठाएका एक जना | कोषाध्यक्ष |
| घ) वालक्लवका प्रतिनिधिहरूले छानीपठाएका एक जना | सचिव |
| ङ) वालवालिकाको प्रतिनिधि बढीमा ६ जना | सदस्य |

९.७. नगर तथा वडा वाल सञ्जाल एक पटक गठन भए पछि प्रत्येक २ वर्षमा नयाँ गठन गर्नुपर्ने छ । यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधिअनुसार पहिलोपटक गठन भएको समितिको पदावधि २०७८ चैत्र मसान्त सम्म रहनेछ ।

९.८. सञ्जालको वैठक कार्यविधि वडा कार्यालयले तोकेबमोजिम हुनेछ ।

९.९. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन:

९.९.१. वाल क्लव तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकामाभ्क अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समभ्कदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

९.९.२. सञ्जाल गठन गर्दा प्रतिस्पर्धी बालबालिकाहरूलाई सहमति गराई एक आपसमा स्वीकार्न सक्ने वनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

९.९.३. प्रतिस्पर्धी वालवालिकालाई चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

९.९.४ वालवालिकामाभ्क हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

९.१०. वडा तथा नगरपालिकामा गठन भएका बालक्लव सञ्जालहरू गठन भएको एक महिनाभित्र सम्वन्धित कार्यालयमा सूचीकृत गर्नुपर्नेछ ।

अ. बालबालिकाले छानीपठाएका एकजना अध्यक्ष

आ.बालबालिकाले छानीपठाएका एक जना उपाध्यक्ष,

इ.बालबालिकाले छानीपठाएका एकजना कोषाध्यक्ष

ई. बालबालिकाले छानीपठाएका सदस्य,

ए. बालबालिकाले छानीपठाएका एकजना सदस्य सचिव

८.१.२. समिति चयनमा कम्तिमा पचास प्रतिशत बालिका हुने गरी समग्रमा १० प्रतिशत दलित बालबालिका र ५ प्रतिशत अपांग भएका बालबालिका हरूका लागि सिट संख्या आरक्षित गरी जनजाती, मधेसी, मूस्लिम सिमन्तीकृत जाती वर्ग एवं समुदायको समावेशी सहभागिता सुनिश्चित गर्नुपर्ने छ ।

८.१.३. बालक्लवको गठन यो निर्देशिका जारी भएपछि प्रत्येक २ वर्षमा गठन गर्नुपर्ने छ । साथै प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियान समाप्त भएपछि एक महिना भित्र अध्यावधिक गरी जानकारी गराउनुपर्ने छ । बालक्लव गठन गर्दा नगर सञ्जालका लागि ३ तीन जना र वडा बाल सञ्जालका लागि ३ तीन जना समावेशी प्रतिनिधि, संरक्षक र प्रधान संरक्षक शिक्षक तोकि विद्यालयको सिफारिस साथ वडामा र सम्वन्धित वडाको सिफारिस साथ नगरपालिकामा सुचीकृत गर्नुपर्नेछ ।

८.१.४.नगरपालिकाले रितपूर्वक आएका बालक्लवहरूलाई आवद्धता/सुचिकृतको अनुसूची.१ अनुसारको प्रमाणपत्र वा नविकरण पत्र बालक्लवहरूलाई उपलव्ध गराउनुपर्नेछ ।

ख) समुदायको हकमा विद्यालयमा नसमेटिएका ८ देखि १८ वर्षका बालबालिकाहरू २५ जना भन्दा बढी बालबालिकाको भेलाले बढीमा ११ सदस्य रहेको बालक्लव गठन गरी, नगर सञ्जालका लागि ३ जना समावेशी प्रतिनिधि, संरक्षक तोकि एक महिना भित्र सम्वन्धित वडा र नगरपालिकामा सुचीकृत गर्नुपर्नेछ ।

तर यस्तो वालक्लव वा समूह २ दुइ समूहमा नबढ्ने गरी गठन तथा सूचीकृत गर्नु पर्नेछ ।

(ग) बालक्लवले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक, मानसिक, सम्वेगात्मक, सामाजिक विकास, वातावरण, जोखिम न्युनिकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरूको आयोजना समन्वय, सञ्चाालन र सहभागिता जनाउनुपर्नेछ ।

(घ) बालक्लवको कार्यलाई सहयोग र विस्तार गर्नका लागि बालक्लवले विभिन्न संयोजक तोकी विषयगत उप समिति वा समूहहरू निर्माण गर्न सक्ने छ ।

(ङ) वालक्लबको वैठकको आयोजना गर्दा सवै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थान र समयमा मासिक रुपमा वैठक सञ्चालन गर्नु पर्नेछ । नियमित बैठक तथा छलफल गर्दा बैठकमा संरक्षक शिक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

च) बालक्लवको वैठकमा प्रस्ताव र निर्णयहरू समिति आफै तयार गर्नेछन् ।

८.२. सहजकर्ता सम्वन्धी व्यवस्था : बाल समूह गठन तथा सञ्चालन वयस्क सहजकर्ता वा सहजकर्ता सस्थाको अनिवार्य उपस्थितिमा हुनुपर्ने छ । यस दफाको प्रयोजनका लागि सहजकर्ता भन्नाले विद्यालयका सामाजिक विषय पढाउने विषय शिक्षक वा कानुन विषय पढेका जुनसुकै तहका शिक्षक वा नगरपालिकाले तोकेको सस्था वा कर्मचारी लाई जनाउने छ ।